# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०

प्रस्तावनाः

फाल्गुनन्द गाउँपालिका, क्षेत्रभित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी फाल्गुनन्द गाउँपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

## परिच्छेदः- एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः–

(क) "एम्बुलेन्स" भन्नाले बिरामी आसार्ने स्विकृती प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

## परिच्छेदः दुई

## एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धि व्यवस्था

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः

(१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा निर्देशन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष –संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष –सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत –सदस्य
(घ) एम्बुलेन्स रहने वडाको वडाध्यक्ष –सदस्य
(ङ) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी, फाल्गुनन्द –सदस्य
(च) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकी इन्चार्ज –सदस्य
(छ) राजस्व शाखा प्रमुख –सदस्य
(ज) गाउँपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख –सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा एक वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

तर, यस निर्देशिकामा अन्यत्र जे सुकै उल्लेख भए तापनि गाउँपालिकाका स्थायी बासी गर्भवती सुत्केरी महिलालाई घरदेखि स्वास्थ्य संस्थासम्म पुग्न प्रयोग गरेमा निशुल्क साथै ७० बर्ष माथिका व्यक्तिहरुलाई निशुल्क रुपमा स्वास्थ्य संस्थासम्म ल्याउने (जेष्ठ नागरिकको हकमा फिदिमसम्म निशुल्क र अन्तर जिल्ला ५० प्रतिशत छुट, महिला स्वास्थ्य स्वयमसेविका ५० प्रतिशत छुट दिइनेछ । त्यसरी सेवा शुल्क निर्धारण गर्दा जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले तोके बमोजिम गर्ने ।

निर्मल दुङ्गेल
... अधिकृत

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरुबिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(झ) चालकको सेवा सुविधा र शर्तको विषयमा आवश्यक निर्णय गर्ने ।

(२) समितिको सदस्य–सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक तीन तीन महिनामा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिः**

(१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) एम्बुलेन्स रहने सम्बन्धित वडाको वडा अध्यक्ष –संयोजक

(ख) सबै वडाका वडा अध्यक्ष –सदस्य

(ग) समितिले तोकेको एक जना स्वयमसेविका –सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रको प्रहरी चौकीको प्रतिनिधी –सदस्य

(ङ) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी, फाल्गुनन्द –सदस्य

(च) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकी/अस्पताल इन्चार्ज –सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः तीन

## सेवा र शर्त सम्बन्धी व्यवस्था

**६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाले राजस्व बैक खातामा जम्मा गर्नुपर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता, लगबुकको आधारमा सम्बन्धित स्वास्थ्य चौकीमार्फत गाउँपालिकामा राखीने छ ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसारमात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**७. चालकको नियुक्ती र सेवा सुविधाः**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. दुई लाख सम्मको दुर्घटना विमा गरिने छ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

## परिच्छेदः चार

## विविध

**८. एम्बुलेन्स रहने स्थानः** फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार संचालन गरिने एम्बुलेन्स सम्बन्धित वडाको स्वास्थ्य चौकी वा नजिकको प्रहरी चौकीको हातामा सुरक्षित साथ राखिनेछ ।

**९. एम्बुलेन्सको मर्मत सम्भारः** एम्बुलेन्सको नियमित मर्मत सम्भार समितिको अनुमति लिई जिम्मेबारी चालकको हुनेछ ।

**१०. विविधः**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत